

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस् !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रविन्द्र पार्टी प्यालेसको नजिक)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २३ गते बिहीबार ❑ 7 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरालाई पर्यटकीय राजधानी बनाउन पहल गर्छु : पर्यटनमन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता

पोखरा, २२ असार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले पोखरालाई छिट्टै पर्यटकीय राजधानी घोषणा गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

मन्त्रालयमा आयोजित एक कार्यक्रममा पोखरामा निर्मित पर्यटकीय बसपार्क पोखरा महानगरपालिकालाई हस्तान्तरण गर्दै उहाँले पोखरालाई पर्यटकीय राजधानी बनाउन पहल गर्ने बताउनुभएको हो । यसअघि नै पोखरा महानगरपालिकाले पोखरालाई पर्यटकीय राजधानी बनाउने घोषणा गरेको थियो । मन्त्री श्रेष्ठले व्यवस्थित बसपार्क निर्माणले पर्यटन क्षेत्रको विकासमा सहयोग पुग्ने बताउनुभयो । उहाँले पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो ।



मन्त्री श्रेष्ठले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलाई पर्यटकीय बसपार्क हस्तान्तरण गर्नुभएको हो । पर्यटकीय सहर पोखरास्थित राष्ट्र बैंक चोकनजिक पर्यटन विभागले रु आठ करोड ४५ लाख लागतमा पर्यटकीय बसपार्क निर्माण गरेको हो । सात हजार ९०० वर्गमिटरमा निर्मित पर्यटकीय बसपार्कमा ४० वटा बस, १० वटा माइक्रोबस र २० वटा ट्याक्सी पार्किङ गर्न सकिने जनाइएको छ ।

## महिला उद्यमी भन्छन्- 'स्थानीय उत्पादनले बजार पाएन'

पोखरापत्र संवाददाता

पोखरा, २२ असार

गण्डकी प्रदेशका महिला पर्यटन व्यवसायी एवं उद्यमीले स्थानीय उत्पादनले बजार नपाएको गुनासो गरेका छन् । स्थानीय कच्चा पदार्थ प्रयोग गरी बनाइएका उत्पादनले बजार नपाउँदा व्यवसाय नै धरासायी भएको उनीहरुले बताए ।

पर्यटन व्यवसायी महिला संघ (टेवान) ले आइतबार पोखरामा गरेको 'पर्यटकीय उत्पादनको विकास र प्रवर्द्धनमा महिलाको भूमिका' विषयक अन्तरक्रियाका वक्ताले सरकारका निकायले स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धनमा सहयोग गर्नुपर्ने धारणा राखे । बागलुङ उद्योग वाणिज्य संघअन्तर्गत महिला उद्यम विकास समितिकी अध्यक्ष भगवती खत्री घरेलु मदिराको 'ब्रान्डिङ' गर्नुपर्ने पक्षमा छिन् । 'घरेलु रक्सी बेचेर अहिले पनि कतिको परिवार पालिएको छ,' उनले भनिन्, 'भित्रभित्र लुकाएर बेच्नुभन्दा व्यवसायको रुपमा कसरी बजारीकरण गर्न सकिन्छ भन्नेतिर सोच्नुपर्छ ।' बागलुङमै बनेको वाइनले बजार नपाएको तर विदेशी वाइन छ्यापछ्याप्ती बिक्री भइरहेको दुखेसो उनले पोखिन् । भनिन्, 'विदेशी भन्दा स्थानीय वाइन नै राम्रो छ तर बजार पाउन सकेको छैन ।' महिलाको उत्पादनले बजार नपाउने समस्या बागलुङमा पनि रहेको उनले सुनाइन् । उनका अनुसार बागलुङमा अचारका लागि



प्रयोग हुने भांगो, लोकताको नेपाली कागज, डायरी, खाम, अल्लोको झोलाले बजार पाउन सकेका छैनन् । स्थानीयस्तरमै उत्पादन हुने त्यस्ता वस्तुलाई बाहिरबाट आउने सामग्रीले हस्तक्षेप गरेको उनको अनुभव छ । 'कच्चा पदार्थ बाहिरबाट ल्याउँदा आकर्षक र सस्तो पर्छ,' उनले भनिन्, 'स्थानीय सामग्री प्रयोग गरेको उत्पादन महँगो हुन्छ । त्यसकारण व्यापार व्यवसाय फस्टाउन सकेको छैन ।'

मनाङकी पर्यटक गाइड मनु गुरुङ स्थानीय उवाबाट बन्ने रक्सीलाई ब्रान्डिङ गर्न चाहन्छिन् तर उनी त्यस विषयमा अनविज्ञ छिन् । मनाङकै आलु, फापर, सिमी, उवा, च्याउले बजार पाएको छैन । पदयात्रा मार्सिँदा त्यस क्षेत्रका महिला उद्यमीको आयआर्जन खस्किएको उनले सुनाइन् । 'बाटो पुगेपछि आन्तरिक पर्यटक मोटरसाइकलमा ओहोरदोहोर गर्छन्, यसले पर्यटकको बसाइँ अवधि घटाएको छ,' उनले भनिन्, 'छोटो समयमा बढी उचाइमा जाँदा तिलिचोमा लेक लाग्ने समस्या पनि देखिएको छ ।' लमजुङकी महिला उद्यमी पुण्यकुमारी सिलवालले बेंसीसहरमा बास बस्ने पर्यटकको संख्या घटेको बताइन् । मनाङ हुँदै राउन्ड अन्नपूर्ण जाने पर्यटक समेत सिधै चामे पुग्न थालेपछि बेंसीसहरको पर्यटनमा ह्रास आएको उनले सुनाइन् । उक्त समस्या गोरखामा समेत रहेको उद्यमी रीता परियारले बताइन् । मनास्लु पदयात्रा जाने पर्यटकले बाइपास मार्ग प्रयोग गरी सिधै आरुघाट पुग्दा गोरखा बजार नै नआउने गरेको बताइन् । उनले जलवायु परिवर्तनको प्रत्यक्ष असर महिला उद्यमीमा परेकोले त्यसतर्फ सरकारले सोच्नुपर्ने उल्लेख गरिन् ।

पर्वतकी उद्यमी पार्वती पाण्डेले उत्साहजनक रुपमा होमस्टे सुरुआत गरे पनि अहिले पाहुना जाने छाडेको दुखेसो पोखिन् । पदयात्रा मार्गमा मोटरबाटो पुग्दा स्थानीयको रोजगारी खोसिएको उनको टिप्पणी थियो । 'गाडी नपुग्दा धेरै गाइड, पोर्टरले काम पाउथे । लौरो बेचेर पनि आम्दानी हुन्थ्यो,' उनले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## अर्थमन्त्रीद्वारा राजीनामा

राससं

काठमाडौं, २२ असार

अर्थमन्त्री जनार्दन शर्माले बुधबार आफ्नो पदबाट राजीनामा दिनुभएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा उहाँले आफूले पदबाट राजीनामा दिएको बताउनुभयो ।

विगतमा छानबिन समिति गठन भए पनि राजीनामा दिने नगरिएको भन्दै उहाँले आफूले भने त्यसो नगर्ने जानकारी संसद्लाई गराउनुभयो । उहाँले छानबिन समितिको काम कारवाहीलाई सहज बनाउनका लागि पदबाट राजीनामा दिएको बताउनुभयो । त्यसअघि प्रतिनिधिसभाको बैठकमा विशेष समय लिएर बोल्दै उहाँले प्रतिपक्षी दलले आफूप्रति पूर्वाग्रह देखाएको भए पनि सहमतिमा छानबिन समिति गठन भएको बताउनुभयो । समितिले छानबिन गरोस् भन्ने आग्रह गर्दै उहाँले आफूबाट कुनै पनि अनधिकृत काम नभएकोस्पष्ट पार्नुभयो । तोकिएको मानिसबाहेक



बजेट निर्माणका अन्य कोही पनि मानिस संलग्न नभएको उहाँले दोहोऱ्याउनुभयो । अर्थमन्त्रीले भन्नुभयो, "सैनिक नेतृत्वले जस्तै दोषी करार गरियो । यो राजनीतिक पूर्वाग्रहको पराकाष्ठा हो । यो राजनीतिक प्रतिशोध हो ।" उहाँले आफूविरुद्ध अनेक कथा बुनिएको भन्दै गलत प्रचारको खण्डन गर्नुभयो । अर्थमन्त्रीले मन्त्रालयमा राखिएको सिसिटिभीको क्षमताका बारेमा थाहा नभएको र आफूले त्यसका बारेमा कुनै चासो नराखेको बताउनुभयो । विगतमा अनधिकृतरूपमा सुपारी, केराउ र मरिच आयात गरेर तस्करी गर्ने गरिएको जानकारी दिँदै उहाँले त्यसलाई आफूले रोकिदिएको बताउनुभयो । आगामी आवको बजेटमा विलासी विद्युतीय सवारी साधनको हकमा सामान्य मात्रै करको दर हेरफेर गरिएको उहाँले जानकारी दिनुभयो । मन्त्री शर्माले माइतीघर मण्डलमा 'रातो कर माफ गर' भन्दै महिलाले गरेको आन्दोलन र उनीहरूले उठाएको माग सम्बोधन गर्न स्यानेटरी प्याडमा कर छुट दिइएको बताउनुभयो । निर्यात बढाउने लक्ष्यका साथ आफूले बजेटमा विशेष प्रबन्ध गरेको, कृषि क्षेत्रको विकासमा जोड दिएको तथा समाजमा सबै वर्ग तथा क्षेत्रलाई उत्साहित बनाएको उहाँले स्पष्ट पार्नुभयो । अर्थमन्त्रीले विगतमा बच्चाले खाने दूधमा कर बढाएर चकलेट आयातमा कर घटाइएको तथ्यसमेत पेश गर्नुभयो ।

सीमित व्यक्तिलाई लाभ हुने गरी विगतमा करका दरमा हेरफेर गरिएको भन्दै उहाँले आफूले आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड दिएकाले विरोध गरिएको त होइन भन्ने प्रश्न गर्नुभयो ।

## 'राजस्व छलीको मुख्य गिरोहमाथि निगरानी'

पोखरापत्र संवाददाता

पोखरा, २२ असार

राजस्वअनुसन्धानविभागका महानिर्देशक झलकराम अधिकारीले राजस्व छलीको मुख्य गिरोहमाथि निगरानी बढाइएको बताउनुभएको छ ।

पोखरा उद्योग वाणिज्य सङ्घद्वारा मङ्गलबार पोखरामा आयोजित हालै महानिर्देशकको जिम्मेवारी सम्हाल्नुभएका अधिकारीको स्वागत कार्यक्रममा उहाँले ठूला कर छलीका घटनामा आँखा चिम्लेको आरोपबाट विभागलाई मुक्त गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो । राजस्व चुहावट हुने क्षेत्र पहिचान गरेर विभाग अगाडि बढ्ने बताउँदै उहाँले आफूहरूको दृष्टिमा ठूला भन्ने कोही नरहेको बताउनुभयो । राजस्व चुहावटको सबैभन्दा बढी जोखिम भन्सार क्षेत्र, ट्रेडिङ व्यवसाय, निर्माण र सेवा क्षेत्रमा रहेको बताउँदै उहाँले उद्योगको हकमा राजस्व चुहावट कम रहेको र त्यसले उत्पादकत्व वृद्धिमा सघाएको उल्लेख गर्नुभयो । बजार एउटा समूहको अवैधानिक कब्जामा अगाडि बढेको र यसलाई रोक्न नसक्दा हिजो बाबुबाजेको पालादेखि व्यवसाय गर्दै आएकाहरू पलायन हुने खतरा बढेको उहाँले बताउनुभयो ।

महानिर्देशक अधिकारीले सहीतरिकालेव्यवसायगर्नेहरूको संरक्षण र अवैधरूपले हुने राजस्व चुहावट रोक्नु जरुरी रहेको बताउनुभयो । महानिर्देशक अधिकारीलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य सङ्घका कार्यवाहक अध्यक्ष पवनकुमार प्रजापतिले उजुरी र छड्के जाँचका नाममा व्यवसायीको मानमर्दन नगर्न तथा व्यवसायीलाई सफाइको मौका दिन माग गर्नुभयो । पोखरा उद्योग वाणिज्य सङ्घ अवैध


बाँकी अन्तिम पृष्ठमा ▶▶


## आमसञ्चार विधेयक प्रेसमैत्री हुनेछ : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता

पोखरा, २२ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशमा आउन लागेको आमसञ्चार विधेयक प्रेसमैत्री बन्ने बताउनुभएको छ ।

नेपाल प्रेस युनियन कास्कीद्वारा बुधबार पोखरामा समसामयिक राजनीति, युनियनको महाधिवेशनलगायत विषयमा आयोजित छलफल एवं अन्तर्क्रियामा उहाँले यो वा त्यो बहानामा प्रेसमाथि नियन्त्रण गर्न नहुने भन्दै त्यसबारे आफूले निर्देशन दिएको बताउनुभयो । लोकतन्त्रका लागि लडेका सञ्चारमाध्यममाथि अङ्कुश लगाउने गरी आमसञ्चार विधेयक नआउने विश्वास व्यक्त गर्दै उहाँले आमसञ्चार विधेयक संसद्मा छलफलका क्रममा रहेकाले पत्रकारको सल्लाह सुझावअनुसार नै प्रक्रिया अघि बढाउन निर्देशन दिएको बताउनुभयो । रजिस्ट्रारको विषयमा मात्रै कुरा नमिलेको र कुन श्रेणीमा राख्ने भनेमा मात्रै अलमिलएको उल्लेख गर्दै उहाँले यसले छिट्टै निकास दिने उल्लेख गर्नुभयो ।



गण्डकी प्रदेश सरकारले सीमित स्रोतसाधनका बीच पनि लोककल्याणकारी काम गरेको दाबी गर्दै उहाँले गठबन्धनका सरकार भएका कारण पार्टीले सोचेअनुरुप काम नभए पनि तुलनात्मक सन्तोषजनक भएको धारणा राख्नुभयो । नीति तथा योजना आयोगका उपाध्यक्ष डा घ्रुराज काफ्लेले आर्थिक वृद्धिदर ८ प्रतिशतसम्म पुग्ने बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रचार विभाग प्रमुख रमेश पौडेल, उपप्रमुख शिरोमणि बराल, कांग्रेस कास्कीका सहसचिव नवीन सिग्देल, युनियनका सल्लाहकार गङ्गाधर पराजुली, राजबहादुर गुरुङ, नेपाल पत्रकार महासङ्घकी पूर्व उपाध्यक्ष अनिता बिन्दु, युनियनका केन्द्रीय सदस्य ऋषिकान्त पौडेललगायतको सहभागीता थियो ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# रोटरी लेकसाइड सहयोगको लागि अर्मलाका दुई घरपरिवारमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

विगत केही दिनदेखि अविरल वर्षाको कारण बाढी पहिरोले अर्मलामा दुई घर परिवारलाइ क्षति पुऱ्याएको छ।

रोटरी क्लव अफ दरवारमार्ग काठमाडौंको सहयोगमा रोटरी क्लव अफ पोखरा लेकसाइडको सक्रियतामा वडा नं १६ स्थित अर्मलामा क्षति पुऱ्याएको दुई घरलाई हालै अक्वाबक्स हस्तान्तरण गरिएको छ। अर्मलामा राहत पाउनेमा रामवहादुर मगर र पुनिमाया सुनार रहेका छन्। रोटरी लेकसाइडले रोटरी वर्ष २०२२/२३ सुरु भएपछिको पहिलो कार्यक्रम अर्मलामा गरेको हो। सन् २०२३/२४ को डिजी राजेन्द्र ध्वजूको प्रमुख अतिथिमा कार्यक्रम भएको रोटरी क्लव अफ पोखरा लेकसाइडका सचिव



मिन गुरुङले पोखरापत्रलाइ बताए। प्रमुख अतिथि ध्वजूले रोटरीको मुख्य उद्देश्य नै समाज सेवा भएकोले जुन सुकै समाजमा आइपरेको समस्यालाई आत्मसाथ गरि अगाडि बढिने भने। वडा नं १६ का वडा अध्यक्ष अमृत तिमिल्सिनाले रोटरीले गरेको कार्यले समाजमा सकारात्मक सन्देश गएको भने। रोटरीले दुइ परिवारलाई प्रदान गरेको अक्वाबक्सले दुइ परिवारलाई घर चलाउन असाध्यै सहयोग पुगेकोमा अध्यक्ष तिमिल्सिनाले खुशी व्यक्त गरे।

रोटरी क्लव अफ पोखरा लेकसाइडका अध्यक्ष डा. विरवहादुर कार्कीको अध्यक्षमा भएको कार्यक्रममा एजी राजेन्द्र लिगल लगायत बोलेको कार्यक्रममा रोटरी क्लव अफ पोखरा लेकसाइडका पूर्व अध्यक्ष जयराम पौडेल, एडमिन राजन कुमाल र सर्भिस चियर राममणी पौडेलको पनि उपस्थित रहेको थियो।

## महिला...

थपिन्, 'अहिले आम्दानी छैन। लिएको तालिमको पनि पुनर्ताजगी छैन।' स्याङ्जाकी होमस्टे सञ्चालक चेतमाया गुरुङले होमस्टेको प्रवर्द्धनमा स्थानीय सरकारले सहयोग पुऱ्याउनुपर्ने बताइन्। तनहुँको बन्दिपुर होमस्टेकी डिलकुमारी रानाले होमस्टेमा लाग्ने कर छुट गर्नुपर्नेमा जोड दिइन्। म्याग्दी उद्योग वाणिज्य संघअन्तर्गत महिला उद्यम विकास समितिकी अध्यक्ष लक्ष्मी भण्डारी कार्कीले ठूलो मात्रामा स्थानीय उत्पादन गर्न नसकको र जीवन निर्वाह मात्रै भएको उल्लेख गरिन्। प्रदेशको पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोगमा भएको कार्यक्रम कार्यपत्र प्रस्तुत गर्दै पर्यटनविद् समीर बरालले स्थानीय उत्पादनको प्रयोग र बजारीकरणले मात्रै दिगो पर्यटन सम्भव हुने बताए। पर्यटनविज्ञ टीकाराम सापकोटाले पर्यटकीय उत्पादनको पहिचान गर्ने, पर्यटकको बसाइँ अवधि लम्ब्याउने विषयमा व्यवस्थित योजना बनाउनुपर्नेमा जोड दिए।

टेवानकी संस्थापक अध्यक्ष लक्की कार्की क्षेत्रीले पर्यटकीय उत्पादनलाई विक्री गर्ने सन्दर्भमा महिलाको भूमिका महत्त्वपूर्ण हुने बताइन्। कार्यक्रम संयोजक टेवानकी प्रथम उपाध्यक्ष कमला गिरीले महिला उद्यमीलाई उत्पादन, बजारीकरण, प्रवर्द्धनमा सहयोग पुऱ्याउन कार्यक्रम आयोजना गरेको बताइन्। संस्थाकी अध्यक्ष रेनु थापा मगरले प्रदेशका ११ वटै जिल्लामा महिला उद्यमीलाई तालिमको व्यवस्था गर्ने जनाइन्।

# स्याङ्जाको अर्जुनचौपारीले बनायो सामाजिक कोष

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २२ असार**

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाले जनप्रतिनिधिले नेपाल सरकार मार्फत प्राप्त गर्ने मासिक तलब र अन्य भत्ताजन्य रकमको १० प्रतिशत रकम सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्ने भएका छन्।

गाउँपालिका अध्यक्षदेखि सदस्यसम्मले कोषमा उक्त रकम जम्मा गर्ने भएका हुन्। तलब तथा भत्ताको १० प्रतिशत रकम अनिवार्य रुपमा सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्ने र कोष मार्फत सामाजिक सेवाका विभिन्न क्षेत्रहरुमा खर्च गर्ने निर्णय गरिएको गाउँपालिका अध्यक्ष प्रकाश तिवारीले बताए। गाउँसभाबाटै सर्वसम्मतका आधारमा कोष खडा गर्ने निर्णय भएको तिवारीले जानकारी दिए।

"हामी नयाँ निर्वाचित सबै जनप्रतिनिधिहरुले आफूले पाउने तलब र भत्ताको १० प्रतिशत रकम सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्ने निर्णय गरेका छौं।" अध्यक्ष तिवारीले भने, "त्यस्तो रकमलाई निश्चित कार्यविधि बनाएर गरिब, विपन्न तथा आर्थिक रुपमा पिछडिएका, अपाङ्ग वा उपचार नपाएका वर्गलाई सहयोग स्वरुप खर्च गर्छौं।" जिल्लाका ६ गाउँपालिका मध्ये कम बजेटको सिलिङ अर्जुनचौपारीमा छ। बजेटले थेग्न नसक्ने गरी जनताका अपेक्षा रहेको पालिकाले जनाएको छ। जिल्लाको सूचांकहरुमा अर्जुनचौपारी अतिकम विकसित गाउँपालिकामा पर्छ। आगामी आर्थिक वर्षका लागि थोरै बजेट विनियोजन भएको पालिकाले जनाएको छ। "अनावश्यक खर्च कटौती गर्दै मितव्ययी र पारदर्शी तरिकाले स्थानीय सरकार चलाउने योजना बनाइरहेका छौं।" गाउँपालिकाका उपाध्यक्ष सपना गुरुङले भनिन्, "सामान्य खर्च र आम्दानी समेत जनताले थाहा पाउने गरी सार्वजनिक गर्ने, सामान खरिद गर्दा भएको खर्च रकम सामाजिक सन्जालबाटै थाहा पाउने गरी पारदर्शी शैली अपनाउने छौं।" देशमा सरकारी कार्यालयलाई चाहिने सामान खरिदका क्रममा भ्रष्टाचार बढी भएको सूचनाहरु आइरहेका छन्, हामी यो प्रवृत्तिलाई पूर्ण रुपमा रोक्ने उनले दाबी गरिन्। समाज प्रतिको हाम्रो उत्तरदायित्व छ, यही उत्तरदायित्वलाई थोरै भए पनि पूरा गर्ने प्रयास अनुसार सामाजिक उत्तरदायित्व कोष बनाएको उनले बताईन।

बजेटले सम्बोधन गर्न नसकिने तथा मानवीय रुपमा गर्नुपर्ने सेवाका कामहरुमा कोषमा प्राप्त रकम खर्च हुनेगरी यसका लागि कार्यविधि नै निर्माण भएको गाउँपालिकाले जनाएको छ।

# प्रधानमन्त्री देउवासँग निर्वाचन आयोगका प्रतिनिधि भेट

**रासस**
**काठमाडौं, २२ असार**

प्रधानमन्त्री शेरबहादुर देउवासँग निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलिया नेतृत्वको प्रतिनिधिमण्डलले भेट गरेको छ। बालुवाटारस्थित प्रधानमन्त्री निवासमा भएको भेटमा प्रतिनिधिमण्डलले आगामी मङ्सिर २ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन गर्न प्रस्ताव गरेको छ। प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद्मा छलफल गरी सो विषयमा छिट्टै निर्णय लिइने बताउनुभएको जनाइएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगको सिफारिसमा निर्वाचनको मिति सरकारले तोक्ने व्यवस्था छ। विद्युतीय प्रणालीबाट मतदानको व्यवस्था गर्ने भएमा आवश्यक सामग्री आउँदो साउन मसान्तसम्म आयोगलाई उपलब्ध गराउन आयोगले आग्रह गरेको छ।

विसं २०७४ मा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई आधार मानेर दुवै सभाका सदस्यको समयावधि आगामी मङ्सिर २२ गते सम्पन्न हुने आयोगले जनाएको छ।

निर्वाचन स्वतन्त्र, भयरहित, निष्पक्ष, विश्वसनीयका साथै खर्च न्यूनीकरण गर्न दुवै निर्वाचन एकै दिन सम्पन्न गर्ने तयारी आयोगले गरेको छ।

# वालिङका कृषकद्धारा गाँउमै हाते ट्याक्टर मर्मत

**प्रकाश डोटेल**
**स्याङ्जा, २२ असार**

स्थानीय पालिकाले मात्रै नभएर सहयोग स्वरुप धेरै निकायले प्रबिधि हस्तान्तरणका नाममा कृषकहरुलाई हाते ट्याक्टर वितरण गर्दै आएका छन्। गाडी रिर्जभ नै गरेर गाँउगाँउ पुऱ्याईएका हाते ट्र्याक्टरहरुमा सानो समस्या देखिनासाथ फेरी गाडी रिजर्भ नै गरेर बजार पुऱ्याउनु पर्ने बाध्यता थियो। तर अब भने यो समस्याबाट स्याङ्जाका कृषकहरुले पार पाउने भएका छन्।



वालिङ नगरपालिकाका कृषकहरुलाई हाते ट्र्याक्टर मर्मत गर्ने एड्भान्स तालिम प्रदान गरेको छ। जसले गर्दा कृषकहरुले गाँउमै हाते ट्र्याक्टरको मर्मत गर्न सक्ने भएका हुन्। पछिल्लो ५ वर्षभित्र मात्रै बिभिन्न निकायले बितरण गरेका ८० हजार भन्दा बढी हाते ट्र्याक्टर रहेका छन्। गाँउमै मर्मत हुन सके उत्पादनमा लागत कम र कृषकलाई सहज हुने वालिङ नगर प्रमुख कृष्ण खाँणले बताए।

वालिङ नगरपालिकाले युएनडिपीको सहयोग र दियालो तथा व्यावसायिक र सीप विकास तालिम केन्द्र पोखराको सहकार्यमा ट्र्याक्टर मर्मतको बिशेष तालिम प्रदान गरेको छ। यसअघि वालिङले ५० जना कृषकलाई प्रारम्भिक हाते ट्याक्टर मर्मत तालिम प्रदान गरेको नगरपालिकाले जनाएको छ।

कृषकहरुको मागको आधारमा तालिम सञ्चालन गरिएको नगरउपप्रमुख कविता तिवारीले बताईन्। अब गाँउमै हाते ट्र्याक्टरको मर्मत गर्न सक्ने सक्षम जनशक्ति तयार भएको उनले बताईन्। "गाँउगाँउमा हाते ट्र्याक्टरमा सामान्य समस्याले समेत फालिएका छन्।" तिवारीले भनिन्, "जसको कारण कृषकलाई मार परेको छ, समस्याको अन्त्यका लागि बाहिरबाट दक्ष प्राविधिक बोलाएर तालिम सञ्चालन गरेका हौं।" सबैको ध्यान ट्र्याक्टर वितरणमा मात्रै गयो मर्मत गर्न सक्ने जनशक्ति तयार गर्ने ध्यान भएन्, त्यसैले हामीले वितरणसँगै मर्मत गर्न सक्ने जनशक्ति तयार पार्नका लागि तालिम प्रदान गरेको नगरका प्रमुख प्रशासकिय अधिकृत राजन भट्टराईले बताए।

नगरका १४ वटै वडाबाट छानिएर आएका १५ जना व्यावसायिक कृषकलाई एड्भान्स तालिम प्रदान गरिएको हो।

"अनुदानमा पाएका मेरो घरमा दुई वटा खेत जोत्ने ट्र्याक्टर सामान्य समस्याले फालिएका छन्।" तालिममा सहभागि भएपछि उत्साहित भएका वालिङ २ का कृषक नीर बहादुर सार्कीले भने, "फालिएका ट्र्याक्टरको अब आफै बनाएर प्रयोग गर्न सक्ने बनाउँछु।" सार्की मात्रै होईन तालिममा सहभागि १५ युवाले आफै ट्र्याक्टर बनाउन सक्ने भएको बताए। तालिममा प्राप्त ज्ञानले स्वरोजगार बनाउन समेत मद्दत पुग्ने सहभागिले विश्वास जनाएका छन्। घरमै भएको ट्र्याक्टर सहित गाउँमा बिग्रेका ट्र्याक्टर बनाएपछि आम्दानीको राम्रो श्रोत पनि हुने उनीहरुको भनाई छ।

# हरिनाशले ल्यायो ४१ करोड ८७ लाख ८० हजारको बजेट

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असार**

स्याङ्जाको हरिनाश गाउपालिकाले आगामी आर्थिक वर्ष ०७९/८० का लागि ल्याएको बजेट मंगलवार पारित भएको छ।

पालिकाले ल्याएको ४१ करोड ८७ लाख ८० हजार रुपैयाको बजेट पारित भएको हो। आयतर्फ संघबाट समानिकरण अनुदान ९ करोड ३३ लाख, राजश्व बाँडफाँड ७ करोड ४५ लाख ८२ हजार, समपुरक अनुदान १ करोड ६० लाख, विशेष अनुदान २ करोड ४९ लाख, सशर्त अनुदान चालुतर्फ १६ करोड ५७ लाख, सशर्त अनुदान पुँजीगत ६२ लाख, प्रदेशतर्फ समानिकरण



अनुदान १ करोड १ लाख ८३ हजार, राजश्व बाँडफाँड ४९ लाख १५ हजार, समपुरक अनुदान ५० लाख, विशेष अनुदान ५० लाख, स्थानीयतर्फ अल्या १ करोड र आन्तरिक आम्दानी ३० लाख रुपैया हुने अनुमान छ। गाउँपालिकाको प्रत्येक वडाहरुको योजनाहरुलाई प्राथामिकतामा राखेर बजेट ल्याएको जनाइएको छ। शैक्षिक गुणस्तर सुधार, कृषिमा आधुनिकिकरण, पर्यटन प्रर्वद्धन, स्वास्थ्य क्षेत्रमा गाउँपालिकाबासीको पहुँच विस्तार तथा महिला दलित युवा, जेष्ठ नागरिक लक्षित कार्यक्रम ल्याइएको गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर ३ का अध्यक्ष ओम प्रकाश सिग्देलले जानकारी दिनुभयो।

## राजस्व...

व्यवसायको पक्षमा नभएको प्रष्ट पार्दै उहाँले व्यवसायीमाथि आरोप लाग्दैमा ऊ अपराधी नहुने र सफाइको मौका पाउने बताउनुभयो। सङ्घका महासचिव सुरेन्द्रमान विजुक्छे, सङ्घका वाणिज्यतर्फका उपाध्यक्ष अर्जुन पोखरेल, लेखनाथ उद्योग वाणिज्य सङ्घका कार्यसमिति सदस्य विक्रम कर्माचार्य, नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकीकी महिला उद्यमी समिति संयोजक रामकली खड्का, उद्योग परिसङ्घ गण्डकीका अध्यक्ष विनोद शर्मालगायतले राम्रो गर्नेलाई प्रोत्साहन तथा गलत गर्नेलाई कारबाही हुनुपर्ने बताउँदै राज्यको व्यवसायीमैत्री नीति तथा व्यवहार आवश्यक भएकामा जोड दिनुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका विरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

**सम्पादकीय**

# अर्थमन्त्री राजिनामा गर्न बाध्य

संसदको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको चर्को दबाबपछि अर्थमन्त्री जनार्दन शर्माले पदबाट राजीनामा दिएका छन् । कुनै हालतमा अर्थमन्त्री पदबाट राजिनामा नदिने भन्दै आएका शर्माले मलिन अनुहारमा प्रतिनिधि सभाको बैठकलाई सम्बोधन गर्दै राजीनामा दिएको घोषणा गरे । नेकपा एमालेको लगातारको विरोधका कारण संसद्ले छानबिन समिति बनाएको थियो । नेकपा एमालेले पूर्व अर्थमन्त्रीको हैसियतमा बयान लिन पाउनुपर्ने तर्क गर्दै शर्मालै अर्थमन्त्रीको हैसियतमा सम्बोधन गर्न नपाउने अडान लिएको थियो । पटकपटक विवादमा परेका अर्थमन्त्री शर्माले प्रधानमन्त्री शेर बहादुर देउवालाई हातमा लिएपछि कसैले छुन नसक्ने दम्भ देखाएका थिए । एमाले, नागरिक समाज, संचार माध्यम र कांग्रेसको शेखर कोइराला समूहले समेत राजीनामा मागेको थियो । अर्थमन्त्रीको रुपमा राम्रो काम गर्न नसकेका शर्माले विगार्ने कााम धेरै भएपछि उर्जा मन्त्री हुँदा कमाएको सकारात्मक छवि धुमिल भएको छासदनमा विपक्षीलाई कमजोर ठान्ने मुर्खताले पार्टीमा समेत उकुसमुकुसमा परेका छन् ।

जेठ १४ गते राति अर्थ मन्त्रालयमा दुईजना अनधिकृत व्यक्तिको उपस्थितिमा निश्चित घरानालाई फाइदा पुग्नेगरी करका दर हेरफेर गरेको आरोप उनीमाथि पछिल्लोपटक लागेको थियो । त्यसअघि पनि उनीमाथि लगातार आरोप लाग्दै आएको थियो । सीमित उद्योगीलाई फाइदा पुग्नेगरी आयातमा छुट दिएको, सेनेटरी प्याडको आयातमा विभेदकारी नीति ल्याएको आरोप उनीमाथि थियो । नेपालमा अर्बौं लगानीमा खुलेका सेनेटरी प्याडका कम्पनी शर्माले दिएको कर छुटका कारण बन्द हुने अवस्थामा पुगेका थिए ।

शर्माले अघिल्लो वर्ष प्रतिस्थापन विधेयकमार्फत् फलामे छड, जस्तापातालगायतका सामग्री उत्पादनका लागि आयात हुने कच्चा पदार्थमा पनि निश्चित कम्पनीलाई मात्रै फाइदा पुग्ने व्यवस्था गरेको भन्दै विरोध भएको थियो । अर्थमन्त्री हुनेबित्तिकै ल्याएको प्रतिस्थापन बजेटमा आयस्रोत नखुलाई लगानी गर्न पाउने व्यवस्था गरियो । सम्पत्ती शुद्धीकरण अनुगमन गर्ने अन्तर्राष्ट्रिय निकायका प्रावधानलाई बेवास्ता गर्दै उनले सो बजेटमा २०८० चैतसम्म लगानीको आयस्रोत नखोजिने क्षेत्रहरु तोकिदिए । राष्ट्रिय महत्वका जलविद्युत् आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल, रेलमार्ग, सिमेन्ट उद्योग, स्टिल उद्योग, कृषिमा आधारित उद्योगको लगानीमा यस्तो व्यवस्था गरियो ।

अर्थमन्त्री शर्माले प्रतिस्थापन विधेयकमार्फत फलामे छड, जस्तापाताजस्ता सामग्री उत्पादनका लागि कच्चा पदार्थका रूपमा प्रयोग हुने स्पन्ज आइरन र स्क्र्याप (पत्रु आइरन) आयातमा भन्सार शुल्क छुट दिने व्यवस्था गरेका थिए । उनले विवेक नपुऱ्याई एकातिर स्पन्जलाई भन्सार र अन्तःशुल्क छुट दिने निर्णय गरे भने अर्कातिर फलामे छड बनाउन प्रयोग हुने बिलेट आयात गर्दा लाग्ने ५ प्रतिशत भन्सार कायमै राखेर अन्तःशुल्क प्रतिकेजी १ रुपैयाँ ६५ पैसाबाट २ रुपैयाँ ५० पैसा पुऱ्याइदिए । यी दुवै निर्णयबाट सीमित केही उद्योगलाई फाइदा पुग्यो । अर्थमन्त्री शर्माले २०८२ सालसम्म सञ्चालनमा आउने निर्माणाधीन होटल तथा रिसोर्टलाई 'सवारीसाधन आयातमा भन्सार महसुल छुट' को व्यवस्था गरिदिए । एक अर्बदेखि दुई अर्बसम्म लगानी गरेका निर्माणाधीन होटललाई दुई, दुई अर्बदेखि पाँच अर्बसम्म लगानी गरेका निर्माणाधीन होटललाई पाँच र पाँच अर्बभन्दा बढी लगानी भएका निर्माणाधीन होटललाई १० वटासम्म सवारी आयात गरे १ प्रतिशतमात्रै भन्सार महशुल लाग्ने व्यवस्था प्रतिस्थापन विधेयकमा गरियो ।

गत मंसिर ९ मा अर्थकै निर्देशनमा बिमा समितिमार्फत् 'स्वदेशी कम्पनीमा मात्रै पुनर्बिमा गर्नुपर्ने' निर्देशन जारी गरियो । जसअनुसार स्वदेशी पुनर्बिमा कम्पनीले अस्वीकार गरेको अवस्थामा मात्र कम्पनीहरूले विदेशी कम्पनीमा पुनर्बिमा गर्न पाउनेछन् । नेपालमा दुइटा पुनर्बीमा कम्पनी मात्रै छन् । नेपाल पुनर्बिमा (सरकारी) र हिमालयन पुनर्बिमा (निजी) । खासगरी हिमालयन पुनर्बिमाको व्यापार सुरक्षित गरिदिन यस्तो निर्देशन आएको अन्य बिमा कम्पनीहरूको आरोप छ । आयकर ऐनले २०८० सालभित्र वित्तीय व्यवस्थापन गर्ने जलविद्युत् आयोजनालाई १० वर्ष पूरै र त्यसपछिको पाँच वर्षसम्म ५० प्रतिशत आयकर छुटको व्यवस्था गरेको थियो । तर अर्थमन्त्री शर्माले वित्तीय व्यवस्था गर्ने समय अवधिका साथै आयकर छुट पाउने अवधिसमेत लम्ब्याइदिए । अर्थमन्त्री शर्माले सेनेटरी प्याड आयातमा लाग्दै आएको भन्सारमा ९० प्रतिशत छुट दिने निर्णय गरे । आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत गरिएको सो व्यवस्थाले स्वदेशी उद्योगलाई असर पर्ने भन्दै उद्योगी अहिले पनि सच्याउनुपर्ने बताइरहेका छाउनका गलत र देशलाई घात गर्ने धेरै तथ्य सार्वजनिक भएका छन । यिनै तथ्यका आधारमा संसदीय समितिले छानबिन गर्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# लमजुङमा मापदण्ड नपुगेका ३७ उद्योग खारेज

**पोखरापत्र संवाददाता**
**लमजुङ, २२ असार**

जिल्लामा मापदण्ड नपुगेका ३७ घरेलु उद्योगलाई घरेलु तथा साना उद्योग कार्यालय लमजुङले खारेज गरेको छ ।

दर्ता गरेर उद्योग सञ्चालन नगर्ने, लामो समयसम्म नवीकरण नगर्ने एवं उद्योग सञ्चालनका लागि विभिन्न मापदण्ड नपुगेको उद्योगहरू आर्थिक वर्ष २०७८/७९ को साउनदेखि असार २१ गतेसम्म सो सङ्ख्यामा घरेलु उद्योग खारेज गरेको कार्यालय प्रमुख मीता थापाले बताउनुभयो । उहाँका अनुसार यस अवधिमा ६७९नयाँ उद्योग दर्ता भएको छ। त्यस्तै, उक्त अवधिमा २८२ घरेलु उद्योगको नवीकरण भएको छ । आर्थिक वर्ष २०७७/७८ मा ९७० नयाँ उद्योग दर्ता भएको छ । ३६९ उद्योग नवीकरण भएको थियो । त्यस्तै यस कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा ११ उद्योग खारेज गरेको थियो । सो अवधिमा ६६९ नयाँ उद्योग दर्ता र २३७ वटा उद्योग नवीकरण भएको घरेलु कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७५/७६ मा छ उद्योग खारेज भएको उक्त कार्यालयले जनाएको छ । उक्त आर्थिक वर्षमा ४६८ नयाँ उद्योग दर्ता भएका र २७० उद्योगको नवीकरण भएको थियो । सो कार्यालयका अनुसार आर्थिक वर्ष २०७४/७५ मा १० उद्योग खारेज गरिएको थियो । सो अवधिमा २७६ नयाँ उद्योग दर्ता र १६४ उद्योग नवीकरण भएको घरेलु कार्यालयको तथ्याङ्कमा छ । त्यस्तै, आर्थिक वर्ष २०७३/७४ मा आठ उद्योग खारेज भएका थिए । उक्त आर्थिक वर्षमा २० ९ नयाँ उद्योग दर्ता भएका र १७३ उद्योगको नवीकरण भएको थियो । त्यस्तै वाणिज्यतर्फ आर्थिक वर्ष २०७८/७९ को साउनदेखि असार २१ सम्म ७२ वटा वाणिज्य दर्ता खारेज भएको कार्यालय प्रमुख थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "यस अवधिमा ४०८ नयाँ वाणिज्य दर्ता भएका छन् भने २८८ वटा वाणिज्यको नवीकरण भएका छन् । त्यस्तै, आर्थिक वर्ष २०७७/७८ मा ६१ वाणिज्य दर्ता घरेलु कार्यालयले खारेज गरेको छ । त्यस्तै, ६४० नयाँ वाणिज्य दर्ता भएको र ५५८ वाणिज्यको नवीकरण भएको छ। आर्थिक वर्ष २०७६/७७ मा २५ खारेज भएको थियो । सो अवधिमा ७६२ वाणिज्य दर्ता तथा ३२० को नवीकरण भएको थियो । कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/७७ मा २५ वटा वाणिज्य दर्ता खारेज भएको थियो। त्यस्तै, ७६२ वटा नयाँ दर्ता र ३२० नवीकरण भएको थियो। आर्थिक वर्ष २०७५/७६ मा २३ वाणिज्य दर्ता खारेज भएको थियो। त्यस्तै, ४१४ दर्ता एवं ४५८ को नवीकरण भएको थियो भने २१० नयाँ दर्ता तथा २६४ नवीकरण भएको कार्यालयले जनाएको छ।

# बेँसीसहर-चामे सडक एक साता बन्द हुने

**पोखरापत्र संवाददाता**
**लमजुङ, २२ असार**

बेँसीसहर-चामे सडक एक हप्ता बन्द हुने भएको छ। उक्त सडकअन्तर्गत मर्स्याङ्दी गाउँपालिका-४ स्याङ्गेमा सडक ढलान कार्यका लागि बुधबार बिहान ८ बजेदेखि एक हप्ता बन्द हुने भएको हो ।

सडक ढलान तथा स्तोरोन्तिका लागि पूर्णरूपमा एक हप्तासम्म सवारीसाधन आवागमन रोकेर काम अघि बढ्ने डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका प्रमुख अच्युतविलास पन्तले जानकारी दिनुभयो । सङ्घीय सरकारको रु ६० लाखमा श्रीकृष्ण निर्माण सेवाले उक्त कार्य गर्ने जिम्मा पाएको छ । विसं २०५१ देखि सडक डिभिजन कार्यालय दमौलीले सो सडक निर्माण सुरु गरेको हो । नेपाली सेनाले उक्त सडक २०५७ देखि बनाउने जिम्मा पाएको थियो । सेनाको कार्यगणले २०६९ मा सडक निर्माण सम्पन्न गरेसँगै सडक डिभिजन कार्यालय दमौलीलाई हस्तान्तरण गरेको थियो । पैसट्ठी किलोमिटर दूरीको बेँसीसहर-चामे सडक लमजुङतर्फ ३५ किलोमिटर पर्दछ । बर्खायाममा उक्त सडक खण्ड अवरुद्ध हुने गरेको छ । गत वर्ष बाढीपहिराले एक महिनासम्म सडक अवरुद्ध भएको थियो । मनाङवासी हेलिकोप्टरको सहारामा बेँसीसहर हुँदै आ-आफ्नो गन्तव्यमा जाने गरेका थिए ।

# स्नातक अध्ययनका लागि गाउँपालिकाको छात्रवृत्ति

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ असार**

म्याग्दीको रघुगङ्गा गाउँपालिकाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन थालेको छ ।

चालु आर्थिक वर्षमा गाउँपालिकाबाट स्नातक तह अध्ययनका लागि २७ विद्यार्थीलाई पहिलोपटक रु छ लाख १९ हजार ६०५ छात्रवृत्ति उपलब्ध गराएको हो ।

गाउँपालिकाका शिक्षा शाखा अधिकृत कृष्णप्रसाद सुवेदीले ३२ जनाले आवेदन पेश गरेकामा छात्रवृत्ति निर्धारण समितिको असार १९ गतेको बैठकले २७ जनालाई छनोट गरेको जानकारी दिनुभयो । "गाउँपालिकाका सामुदायिक विद्यालयमा तीन-चारपटकसम्म विज्ञापन गर्दासमेत विद्यार्थी नपाउने समस्या आएपछि उच्च शिक्षाका लागि छात्रवृत्ति दिने कार्यक्रम ल्याएका हौँ", उहाँले भन्नुभयो, "रघुगङ्गा गाउँपालिका स्थायी ठेगाना भएर गाउँपालिकाभित्रकै विद्यालयबाट एसइई उत्तीर्ण गरेका विद्यार्थीले छात्रवृत्ति सुविधा पाउँछन् ।" बेनीको म्याग्दी बहुमुखी क्याम्पसका २१, पोखराको पृथ्वीनारायण क्याम्पसका तीन, पोखराको लक्ष्मी आदर्श बहुमुखी क्याम्पस, उदयपुरको प्राकृतिक व्यवस्थापन कलेज र नमूना मच्छिन्द्र क्याम्पस ललितपुरका एक-एक जनाले छात्रवृत्तिपाएका हुन्।आवेदनपेश गरेका पाँच जना गाउँपालिका बाहिरका विद्यालयबाट एसइई उत्तीर्ण गरेकाले छनोटमा नपरेका हुन् । प्रतिविद्यार्थी क्याम्पसको वार्षिक शुल्क रु पाँच हजार ९०५ देखि रु २८ हजार ५०० सम्म छात्रवृत्ति पाएका छन् । विसं २०७९ जेठ २६ देखि असार ५ गतेसम्म आवेदन माग गरिएको थियो । गाउँपालिकाको छात्रवृत्तिसम्बन्धी कार्यविधि २०७७ अनुसार एक जनाले अधिकतम वार्षिक रु ४० हजारसम्म छात्रवृत्ति पाउने व्यवस्था छ ।

क्याम्पसको शुल्क र कार्यविधिमा उल्लेखित रकम जुन कम छ सोहीअनुसार उपलब्ध गराइने शिक्षा अधिकृत सुवेदीले बताउनुभयो । विसं २०७७ मा बनेको कार्यविधिलाई रघुगङ्गाले पहिलोपटक कार्यान्वयन गरेको हो । रघुगङ्गा गाउँपालिका उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने म्याग्दीको पहिलो स्थानीय तह बनेको छ । कार्यक्रमलाई निरन्तरता दिन आगामी आव २०७९/८० का लागि रु १० लाख बजेट विनियोजन भएको छ।

# ३७६ घरधुरी अन्धकारमा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ असार**

पश्चिम म्याग्दीका मालिका गाउँपालिका-४ च्युरीबोट स्थित ३० किलोवाट क्षमताको विद्युतगृहमा चट्याङले ठूलो क्षति पुऱ्याएको छ।

सोमबार राति परेको चट्याङले च्युरीबोटस्थित दाजुङखोला लघुजलविद्युतगृहमा क्षति पुऱ्याएको लघुजलविद्युत् सहकारी संस्था लिमिटेडका अध्यक्ष नन्दबहादुर घर्तीमगरले जानकारी दिनुभयो।

चट्याङले रु चार लाख ५५ हजार बराबरको क्षति भएको छ । जेनेरेटरमा क्षति भएपछि विद्युत् सेवा अवरुद्ध भएको छ । तीस किलोवाट क्षमताको सो लघुजलविद्युत् परियोजना बन्द हुँदा च्युरीबोट, ओखरबोट, महभिर छाप, खतेनलगायत गाउँका ३७६ घरधुरी अन्धकारमा बस्न बाध्य भएका छन् ।

# बगरफाँटमा बाढी पहिराको त्रास

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ असार**

म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँट गाउँ बाढी र पहिराको उच्च जोखिममा परेको छ । माथिबाट पहिरो खस्ने र नदीले तीव्र कटान गर्न थालेपछि गाउँ नै जोखिममा परेको हो ।

विसं २०५७ देखि म्याग्दी नदीले बगरफाँटमा कटान गर्दै आएको छ। बगरफाँटमा २१४ परिवारको बसोबास छ । म्याग्दी नदीको कटान नियन्त्रणका लागि बर्सेनि नदी किनारमा ग्याबियन जाली भर्ने गरिए पनि दिगो हुनसकेको छैन । बगरफाँटको १५० रोपनीभन्दा बढी खेतीयोग्य जमिन बाढीले बगाएको छ ।

# ट्रान्सफर्मर पड्किँदा १६६ घर अन्धकारमा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ असार**

बागलुङको बरेङ गाउँपालिका-१ धुल्लुबास्कोटमा रहेको विद्युत् ट्रान्सफर्मर पड्किँदा चार दिनदेखि विद्युत् सेवा अवरुद्ध भएको छ ।

चट्याङले ट्रान्सफर्मर पड्किएपछि धुल्लुबास्कोटका १६६ परिवार चार दिनदेखि अन्धकारमा छन् । विद्युत् आपूर्ति बन्द हुँदा स्थानीयले कुटानीपिसानी, साना घरेलु उद्योग सञ्चालन र सञ्चार सेवा प्रयोग गर्न पाएका छैनन् । धुल्लुबास्कोटमा सामुदायिक विद्युतीकरणमार्फत केन्द्रीय प्रसारण लाइन विस्तार गरिएको थियो । ट्रान्सफर्मर मर्मतका लागि प्रक्रिया सुरु भएको भए पनि अझै केही दिन लाग्ने गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो । ढला गरी प्राधिकरणलाई जानकारी प्राप्त भएको र त्यहाँ क्रियाशील सामुदायिक समितिले नै मर्मतको काम गर्नुपर्ने बताएको विवरण केन्द्रका प्रमुख दिलीप मरासिनीले बताउनुभयो । वर्षासँगै आएको बाढी, पहिरो र चट्याङले ट्रान्सफर्मर र प्रसारण लाइनका कैयौं पोलहरूमा समेत क्षति पुऱ्याएको छ । त्यस्तै चट्याङले बागलुङको ताराखोला गाउँपालिकामा १३ वटा पशुचौपाया मारेको छ ।

# बाढीपहिराले २१ घर उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
**लमजुङ, २२ असार**

यहाँ बाढीपहिराले २१ घर उच्च जोखिममा परेको छ।क्व्होलासोँथर गाउँपालिका-६ पसगाउँ उपल्लो टोल पहिरोको जोखिममा परेको छ ।

वडाध्यक्ष मनलाल गुरुङले भन्नुभयो, "१५ गते ठूलो वर्षापछि पहिरो गएको थियो, सो पश्चात् पटक पटक थप पहिरो जाँदा बस्ती नजिकै आइपुग्दा घरहरू जोखिममा परेको छ ।" वडा कार्यालयका अनुसार भिरालो जमिनमा बस्ती रहेकाले झन् बढी जोखिम रहेको छ । "निर्माणाधीन ग्राभेल सडक बर्खैमा पसगाउँ सिङ्दी सडक नै भासिएर पहिरो गएको र घरमाथिका गह्राहरू सबै चिराचिरा परेकाले जुनसुकै बेला पनि पहिरा जाने सक्ने सम्भावना छ," उहाँले भन्नुभयो ।

पहिराले बस्ती जोखिम बनाएका बारे गाउँपालिका, जिल्ला प्रशासन कार्यालय, प्रहरीलगायत सम्बन्धित निकाय सबैलाई खबर गरिसकेको वडाध्यक्ष गुरुङको भनाइ छ ।

सो पश्चात् गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङ लगायतको टोलीले समेत अनुगमन गरेर गएको थियो । अनुगमनपश्चात् उहाँले दक्ष प्राविधिक ल्याएर पहिरोको थप अनुसन्धान गरेर रोकथाम गर्ने आश्वासन दिएको स्थानीयको भनाइ छ। यहाँ दैनिक जसो पानी परिरहँदा स्थानीयहरू भने त्रसित हुने गरेका छन् । उक्त घरका १५० भन्दा बढी स्थानीय पहिराको चिन्तामा छन् ।

# प्रदेशस्तरीय खेलमा म्याग्दीबाट १३ खेलाडी छनोट

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ असार**

म्याग्दीको सदरमुकाम बेनीमा सम्पन्न सातौँ जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड विद्यालयस्तरीय खेलकुद प्रतियोगिताबाट गण्डकी प्रदेशस्तरीय राष्ट्रपति कपका लागि म्याग्दीबाट विभिन्न विधामा गरी ९३ खेलाडी छनोट भएका छन् ।

मङ्गलबार सम्पन्न भएको प्रतियोगितामा पुरुष तथा महिला भलिबल, कबड्डी मार्सलआर्ट विधाका खेलाडी छनोट गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीले बताउनुभयो । "जिल्लाबाट विभिन्न विधामा गरी ९३ जना खेलाडी छनोट भएका छन्, प्रदेशस्तरीय प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याउने प्रयास गर्छौं", अध्यक्ष केसीले भन्नुभयो । अध्यक्ष केसीका अनुसार जिल्लाभर समग्रमा बेनी नगरपालिका प्रथम भएको छ । स्थानीय तहबाट सहभागी विद्यालयस्तरको स्वर्णसहितको पदक बुधबार वितरण गरिएको छ। असार २३ र २४ गते प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउने खेलाडी छनोट गर्न जिल्लास्तरीय प्रतियोगिताको आयोजना गरिएको थियो ।

छनोट भएका खेलाडीहरू प्रदेशस्तरीय प्रतियोगिताका लागि बुधबारनै पोखरा जाँदैछन् ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७तितेपानीस्थित मुलको खानेपानी संरक्षण गर्नको लागि विभिन्न भौतिक निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : तितेपानी संरक्षण योजना, पोखरा १७ तितेपानी
उपभोक्ता समिति: तितेपानी संरक्षण समिति, पोखरा १७
सम्झौता मिति : २०७८/१०/०२ गते
योजना सुरु मिति : २०७८/१०/०३ गते
योजना सम्पन्न मिति : २०७९/०३/२२ गते
योजनाको कुल लागत : रु. १०,००,२३९/७६
योजनाको कुल खर्च: रु. ५,६९,६११/७७
महानगरपालिकाबाट प्राप्त : रु. ४,९६,१३९/०२
उपभोक्ताबाट : रु. ७३,४९२/७५

पदम बहादुर ढकाल
अध्यक्ष

**तितेपानी संरक्षण समिति**
पोखरा-१७, कास्की

# परीक्षण भएका ८४ नमूनामध्ये अधिकांश पानीका मुहानमै 'कोलिफर्म'

**रासस**
**बागलुङ, २२ असार**

जिल्लाका अधिकांश खानेपानीका मुहानमा 'कोलिफर्म' कीटाणु फेला परेको छ। स्वास्थ्य कार्यालय बागलुङले चालु आर्थिक वर्षमा गरेको पानीका मुहान परीक्षणका क्रममा जिल्लाभरका ८४ खानेपानीका मुहानमध्ये अधिकांशमा 'कोलिफर्म' फेला परेको हो।

बागलुङ नगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले वितरण गरिरहेको खानेपानीको मुहानदेखि जिल्लाका अधिकांश मुहानमा 'कोलिफर्म' भेटिएको कार्यालयले जनाएको छ। नगरमा वितरित पानीका धारामा भने 'कोलिफर्म'को मात्रा शून्य छ। ट्र्याङ्कीमा पानीको उपचारका लागि क्लोरिन पाउडरको प्रयोग हुने भएकाले धारामा 'कोलिफर्म' नदेखिएको स्वास्थ्य कार्यालयका प्रयोगशाला प्राविधिक डिल्ली आचार्यले बताउनुभयो।

बागलुङ नगरपालिकाका १७ मुहानको पानी परीक्षण गर्दा १० वटा मुहानमा 'कोलिफर्म' देखिएको छ। जैमिनी नगरपालिकाका १० मुहानमध्ये सात, गलकोट नगरपालिकाका १२ मध्ये तीन, ढोरपाटन नगरपालिकाका सातमध्ये दुई, तमानखोला गाउँपालिकाका १६ मध्ये सात र बडिगाड गाउँपालिकाका नौमध्ये तीनवटा पानीको मुहानमै 'कोलिफर्म' भेटिएको हो। त्यस्तै निसीखोला गाउँपालिकाका आठमध्ये चार, तमानखोला गाउँपालिकाका ११ मध्ये चार र बरेङ गाउँपालिकाका १२ मध्ये चारवटा मुहानमा 'कोलिफर्म' भेटिएको आचार्यले बताए। स्वास्थ्य कार्यालयले स्थानीय तहको अनुरोधमा प्रतिनिधिमूलक हिसाबमा पानीका मुहानहरू परीक्षण गरेको थियो। "मुहानमा मात्रै होइन पाइपलाइन, ट्र्याङ्की र धारामा समेत 'कोलिफर्म'को मिसावट पुग्न सक्छ," आचार्यले भन्नुभयो, "कैयौँ ठाउँमा मुहानमा सफा रहेको पानी धारामा पुग्दा 'कोलिफर्म'को मात्रा भएको भेटिन्छन्।" उपभोक्ताको धारासम्म पुग्ने पाइपलाइन बीचमा टुटेफुटेर मिसावट हुने ठाउँ भएमा मुहान तथा ट्र्याङ्कीमा नभेटिएको 'कोलिफर्म' धारामा भेटिने जोखिम हुन्छ। खुल्लाचौरभन्दा तल्लो भागमा रहेका मुहान, मानव बस्तीको नजिकै रहेका मुहान र खोलामा बगेको पानीलाई एकीकृत गरेर ल्याइएका मुहानमा 'कोलिफर्म'को मात्रा बढी देखिने गरेको छ। मानव दिशामा हुने 'कोलिफर्म'युक्त पानी पिउँदा हैजा, झाडापखाला, आउँ, टाइफाइड, जन्डिस, हेपाटाइटिस रोगहरूको संक्रमण हुनसक्ने स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौले बताउनुभयो। 'कोलिफर्म' देखिएका मुहानको पानी उपभोग गर्ने उपभोक्तालाई सरसफाइ गर्न, पानी शुद्धीकरण गरेर र पानी उमालेर मात्रै पिउन आग्रह गर्ने गरिएको छ। 'कोलिफर्म'को मात्रा देखिएका ठाउँहरूको पानीलाई तत्काल शुद्धीकरणका उपाय नअपनाए जुनसुकै बेला महामारी फैलिन सक्ने उहाँले बताउनुभयो।

# रातको समयमा पनि खानेपानीको काम !

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ असार**

व्यास नगरपालिका-१ स्थित भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरू उपभोक्तालाई सहज रूपमा पानी वितरणका लागि अहोरात्र खट्दै आएको छ।

केही दिनअघि परेको अविरल वर्षाका कारण खानेपानी नयाँ प्रशोधन केन्द्र नजिक पहिरो खस्न गई जोखिम बनेपछि समितिले पानी नआएको मौका छोपी आरसिसी पर्खाल लगाएर संरक्षण गर्न रातको समयमा पनि काम गर्दै आएको छ। करिब दुई लाख लिटर क्षमताको पानी प्रशोधन केन्द्र पहिराका कारण उच्च जोखिममा रहेपछि समितिका अध्यक्ष चिजबहादुर दरै, उपाध्यक्ष रामकुमार गोशली, सचिव राजेश्वर हडखले, कोषाध्यक्ष विष्णुबहादुर बस्नेत, सदस्य रामराज अधिकारी लगायतका पदाधिकारीहरू अहोरात्र खट्दै आएका छन्। त्यसैगरी खानेपानी संस्थाका व्यवस्थापक ईश्वरकुमार श्रेष्ठ, कर्मचारी कुलबहादुर बस्नेत, रत्न दरै र कृष्णबहादुर पौडेल लगायतका कर्मचारीहरूले मङ्गलबार रातिसम्म खटेर काम गरेका थिए। पहिलो चरणमा करिब चार मिटर अग्लो पर्खाल लगाइएको छ। दोस्रो चरणमा पनि चार मिटरको पर्खाल लगाउने योजना रहेको संस्थाका व्यवस्थापक ईश्वरकुमार श्रेष्ठले जानकारी दिनुभयो। जमिनको बेससहित करिब दश मिटर अग्लो पर्खाल लगाइन्छ। उहाँले भन्नुभयो, "पर्खालको लम्बाइ भने करिब दश मिटर लामो रहेको छ।" केही दिनयता पानी नपरेको हुँदा काम गर्न सजिलो हुने भएकाले रातको समयमा पनि समय मिलाएर काम गर्ने गरिएको संस्थाका अध्यक्ष चिजबहादुर दरैले जानकारी दिनुभयो। उक्त संस्थाले व्यास नगरपालिका-१ र १२ का गरी कूल दुई हजार ६८० घरधुरीमा धारा जडान गरी पानी वितरण गर्दै आएको जनाएको छ।

# आयमूलक कार्यक्रमलाई जोड दिँदै बन्दीपुर गाउँपालिका

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ असार**

बन्दीपुर गाउँपालिकाले आफ्ना क्षेत्रभित्रका बासिन्दालाई लक्षित गरी आर्थिक आयआर्जनमूलक कार्यक्रमलाई जोड दिँदै आएको छ। गाउँगाउँका महिलाहरूलाई सीपमूलक तालिम प्रदान गरेर आत्मनिर्भर बनाउने उद्देश्यले गाउँपालिकाले सीपमूलक तालिमलाई प्राथामिकता दिएको हो।

गाउँपालिकाले महिलाहरूका लागि सिलाइकटाइ गर्न मेशिन, सालको पातको टपरी र चप्पल उद्योग सञ्चालनका लागि केही दिनअघि तालिम प्रदान गरिसकेको छ। बन्दीपुर-६ को धरमपानीमा चप्पल उद्योग सञ्चालनमा ल्याउने तयारीका साथ तालिम प्रदान गरिसकेको गाउँपालिकाले जनाएको छ। उक्त वडास्थित धरामपानी महिला उद्यमी समूहलाई तालिम प्रदान गरी चप्पल उत्पादन गर्न लागेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो।

गण्डकी प्रदेश सरकारको गरिबी निवारण उद्यमी विकास कार्यक्रमअन्तर्गत रु दुई लाख १३ हजार पाँच सयमा मेशिन खरिद गरी स्थानीय १२ जनालाई तालिम प्रदान गरिसकिएको जनाइएको छ।

तालिमबाट सिकेका सीप तथा जनशक्तिलाई परिचानल गरी चप्पल उत्पादन गरी बिक्री वितरण गर्ने लक्ष्य राखिएको छ। तालिमपश्चात् सालको पातको टपरी र चप्पल उत्पादन गरेर पालिकास्तरमै खपत गर्ने लक्ष्य रहेको गाउँपालिकाका अध्यक्ष थापाले जानकारी दिनुभयो।

बन्दीपुर-५ स्थित याम्पा महिला उद्यमी समूहलाई चारवटा सिलाइकटाइ मेशिन प्रदान गरेर आयआर्जनतर्फ सक्रिय बनाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामदत्त भट्टले जानकारी दिनुभयो। गाउँपालिका कार्यालयले बन्दीपुर बजार क्षेत्रमा पेपर प्लेट विस्थापित गरी सालको पातको टपरी प्रयोगमा ल्याउने गरी काम अघि बढाइएको छ। टपरी बनाउनका लागि स्थानीय बाह्र जनालाई तालिम प्रदान गरिसकेको जनाइएको छ।

# स्वास्थ्य कार्यालय : जसले काम सक्न मसान्त कुरेन

**रासस**
**बागलुङ, २२ असार**

बागलुङमा रहेको स्वास्थ्य कार्यालयमा असार मसान्तको चाप निखिएको छ। जिल्लामा नै पहिलो पटक कार्यालयले चालु आर्थिक वर्षमा विनियोजित कार्यक्रम समयमै सकेर फुर्सदिलो बनेको छ। कार्यालयले असार २१ गतेपछि कुनै पनि भुक्तानीका काम नगर्ने जनाएको छ। "हामीले आफ्नो काम निरन्तर गरिरहेका थियौँ र समयमै सक्यौँ, अब किन असार मसान्त कुर्नु," कार्यालय प्रमुख सुरज गुरौले भन्नुभयो, "हामीले गरेका कामका विषयमा जानकारी गराएका छौँ, अब कुनै पनि कार्यक्रमको भुक्तानी गर्दैनौँ।"

कार्यालयले आगामी आर्थिक बर्षको नियमित कामको थालनी गर्ने छ। वर्षभरिका काम कारबाही समयमै सकेर पत्रकार सम्मेलनमार्फत जानकारी गराउने स्वास्थ्य कार्यालय पहिलो हो। कोभिड-१९ विरुद्धको खोप, टाइफाइड बिरुद्धको खोप, नियमित खोप, हात्तीपाइले विरुद्धको खोप अभियान र अन्य कार्यालयले सम्पादन गर्ने नियमित तथा आकस्मिक तालिम र रोगहरूको खोजपड्ताल तथा नियन्त्रणका काम भएका गुरौले बताउनुभयो। यो वर्ष कार्यालय परिसरमा खोपहरूको सुरक्षणका लागि कोल्ड रुम स्थापना गरेको कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्षमा कार्यालयले प्रदेश सरकारबाट प्राप्त हुने चालुतर्फको रु दुई करोड ९९ लाख ६५ हजारमध्ये दुई करोड १५ लाख ५२ हजार खर्चेको छ। चालुतर्फ ९६ प्रतिशत भौतिक प्रगति गरेको कार्यालयले वित्तीय प्रगति भने ७२ प्रतिशत भएको जनाएको छ। त्यस्तै प्रदेशको पूँजीगततर्फ नौ लाख ५० हजारमध्ये रु नौ लाख ३५ हजार खर्चेको छ। सङ्घीय सरकारबाट प्राप्त भएको चालु खर्च चार करोड ८२ लाख ८१ हजारमध्ये तीन करोड एक लाख खर्च भएको कार्यालयले जनाएको छ।

# स्थानीय तह र भूमि आयोगबीच सम्झौता

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ असार**

म्याग्दीका स्थानीय तह र राष्ट्रिय भूमि आयोगबीच भूमिहीन दलित, भूमिहीन सुकम्बासी तथा अव्यवस्थित बसोबासको समस्या समाधानका लागि सम्झौता भएको छ। आयोगले मङ्गलबार बेनीमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमका अवसरमा स्थानीय तहका प्रमुख र आयोगका सदस्य राधोराय यादवबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो। बेनी नगरपालिकाका प्रमुख सुरत केसी, धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुन, मालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा र मङ्गलाका अध्यक्ष सतप्रसाद रोकाले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको थियो।

अन्नपूर्ण गाउँपालिकासँग सम्झौता भइसकेको र रघुगङ्गामा सम्झौता गर्ने प्रक्रियामा रहेको राष्ट्रिय भूमि आयोग म्याग्दीका सदस्य खुमनाथ सुवेदीले जानकारी दिनुभयो। सम्झौतासँगै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण तथा नापनक्साको काम सुरु हुने भएको छ। पालिकामा अब भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, कम्प्युटर दर्ता र पुरानो आयोगले गरेका कामको निवेदन लिने र दाबीविरोधसहितको सूचना प्रकाशनलगायतका काम अघि बढाइने आयोगको जिल्ला समितिका देवेन्द्र कामीले बताउनुभयो। उहाँका अनुसार वडामा लगत सङ्कलन, प्रमाणीकरण, वडाबाट पालिकालाई सिफारिस र पालिकाले प्रमाणित गरी आयोगमा रेकर्ड पठाउनेसहित सुकुम्बासीलाई जग्गा प्रबन्धका लागि सहजीकरण गर्नेछन्। "पालिकासँग भूमिहीनको समस्या समाधान गर्ने कार्यका लागि सम्झौता भएको छ", आयोगका सदस्य यादवले भन्नुभयो, "अब स्थानीय तहसँगको सहकार्यमा भूमिहीनको समस्या समाधान गरेर निस्सा वितरणसम्मको आफ्नो कामलाई अघि बढाउन सहज भएको छ।" राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण र अव्यवस्थित बसोबासीको व्यवस्थापनको कार्यलाई समन्वयात्मकरूपमा प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न स्थानीय तहसँग कार्य सहमतिपत्रमा हस्ताक्षर गरी कार्य प्रारम्भ गर्नुपर्ने व्यवस्था छ। सरकारले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने उद्देश्यले गत वर्ष राष्ट्रिय भूमि आयोग गठन गरेको थियो। आयोगको कामलाई प्रभावकारी बनाउन जिल्लामा पनि आयोगका अध्यक्षलगायतका पदाधिकारी नियुक्त गरी कार्यालय सञ्चालनमा ल्याइएको छ। आयोगले म्याग्दीमा गत वर्ष ९३३ घरधुरी भूमिहीन र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरेको थियो। एक सय ५५ भूमिहीन दलित, १११ भूमिहीन सुकुम्बासी र ६६७ घरधुरी अव्यवस्थित बसोबासीको विवरण सङ्कलन भएको हो। बेनी नगरपालिकामा २७२, धवलागिरि गाउँपालिकामा ६२, मालिका गाउँपालिकामा ३२८, मङ्गलामा १२१, रघुगङ्गामा ४२ र अन्नपूर्णमा १०८ घरधुरीको लगत सङ्कलन भएको थियो।

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले विगतमा छुटेकाका लागि आवेदन बुझाउने समयको व्यवस्था मिलाउनुपर्ने बताउनुभयो। आयोगले निरीक्षण, अनुगमन, नापजाँचपछि कार्यविधिअनुसार मालपोत कार्यालयमा श्रेस्ता कायम गरेर जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराइने भएको छ। आयोगले पहाडी र हिमाली जिल्लाका भूमिहीन, सुकुम्बासीलाई घडेरीका लागि १० आना दुई पैसा एक दाम जग्गा उपलब्ध गराउने कार्यविधि बनाएको छ। अव्यवस्थित बसोबास गर्दै आएकाहरूको जग्गाधनी प्रमाणपत्रको श्रेस्ता कायम गरिने आयोगका प्रमुख नापी अधिकृत उमेश कुमारले बताउनुभयो।

# असार अन्तिममा धमाधम खर्च

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ असार**

बागलुङमा असारे विकासको नियति अझै फेरिन सकेको छैन। असार लागेपछि विकासका योजना धमाधम हुँदै आएका छन्।

सरकारले असारे विकासको अन्त्य गरी वैशाख/जेठ महिनामै सबै योजना सक्ने लक्ष्य लिइँदै आए पनि बागलुङमा यसको कार्यान्वयन हुन सकेको छैन। वर्षात्मा हुने विकास बजेटसक्नेबाहेक प्रभावकारीरूपमा विकास हुन सकेको छैन। स्थानीय सरकारदेखि केन्द्र र प्रदेश सरकार असारे विकासतर्फ गम्भीर बनेको पाइँदैन। बागलुङमा चालु आर्थिक वर्षको विकास बजेट खर्च हेर्दा असार महिनामा मात्रै सबैभन्दा बढी खर्च भएको पाइन्छ। असार २० सम्मको विकास बजेट खर्च हेर्दा २० दिनमै रु २० करोड १८ लाख ४९ हजार ४१२ खर्च भएको छ। जेठ महिनासम्मको जम्मा खर्च हेर्ने हो भने रु आठ अर्ब २० करोड ३६ लाख ८१ हजार ५६१ छ। असार २० सम्मको खर्च बढेर रु अर्ब ४० करोड ५५ लाख ३० हजार ९७३ पुगेको छ। कोष तथा लेखा नियन्त्रण कार्यालय बागलुङका अनुसार जेठ महिनासम्म चालु बजेटतर्फ रु छ अर्ब ७१ करोड १९ लाख ४४ हजार २१० रकम खर्च गरेको छ। जुन ९१.६५ प्रतिशत हो। यसमध्ये पुँजीगत खर्चतर्फ रु एक अर्ब ४९ करोड १७ लाख ३७ हजार ३५१ रहेको छ। जुन ५४.९२ प्रतिशत हो। जेठ मसान्तसम्म रु आठ अर्ब २० करोड ३६ लाख ८१ हजार ५६१ खर्च भएको छ। जुन ७१.३६ प्रतिशत हो। असार २० गतेसम्म चालुतर्फ रु १८ करोड ८६ लाख ७९ हजार ४१२ र पुँजीगततर्फ रु एक करोड ३१ लाख ७० हजार खर्च भएको छ। केन्द्र र प्रदेश सरकारबाट प्राप्त भएको बजेटबाट जिल्लास्थित सरकारी कार्यालयले उक्त बजेट खर्च गरेका हुन्। बजेट खर्चको आँकडालाई हेर्दा बागलुङमा असारे विकास रोकिएको पाइँदैन। २० दिनमै रु २० करोड खर्च हुनलाई सरोकारवाला निकायले गम्भीररूपमा लिनुपर्ने देखिन्छ। केही योजना ढिलानै सम्झौता गर्नु पर्ने बाध्यता भए पनि यो समस्या समाधान भने तत्कालै गर्नुपर्ने देखिन्छ। सो कार्यालयका लेखा नियन्त्रक जब्बरबहादुर भण्डारीले विगतको प्रवृत्ति दोहोरिएको जनाउँदै सङ्घ र प्रदेशअन्तर्गतका योजनाको काम हुने त अन्तिममा आएर फरफारक गर्नेहुँदा असारमा बढी खर्च हुने गरेको बताउनुभयो।


## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०३/२२

यस कार्यालयबाट मिति २०६६/०८/२८ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २२ संचालन गर्ने गरि पोखरा महानगरपालिका वडा नं. २२ निवासी रामजी प्रसाद बरालको नाउँमा दर्ता भएको प्रा.फ.र.नं. ६७९९/०६६/०६७ को विश्वशान्ती राईस मिलको प्रोपाइटर श्री रामजी प्रसाद बरालले मति २०७९/०३/२२ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक वक्यौता लगायत कुनै पनि प्रकारका समाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २४ कास्कीकोटमा दोपहरे आमा समूह भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः दोपहरे आमा समूह भवन निर्माण**
**स्थानः पोखरा–२४, कास्कीकोट**
**योजना सम्झौता मिति : २०७९/०१/२७ गते**
**योजना सुरु भएको मिति : २०७९/०१/२८ गते**
**योजना सम्पन्न मितिः २०७९/०३/२० गते**
**योजनाको कुल लागत : रु. ४,४४,४४४।–**
**पोखरा महानगरपालिकाबाट : रु.४,००,०००।–**
**उपभोक्ताबाट : रु.४४,४४४।–**
**उपभोक्ता समिति अध्यक्षः कालिका सुवेदी**
**उपाध्यक्षः लक्ष्मी सुवेदी, सचिवः पार्वती सुवेदी, कोषाध्यक्षः लक्ष्मी सुवेदी, सदस्यः नरवदा, शारदा, डिल्लु, विष्णु अधिकारी**
**अनुगमान समिति संयोजकः पूर्णकला शर्मा**

**दोपहरे आमा समूह भवन निर्माण उपभोक्ता समिति**
**पोखरा-२४, कास्कीकोट**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ मा वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः वडा कार्यालय कम्पाउण्ड वाल निर्माण**
**स्थानः पोखरा–२३, बाम्दी चापाकोट, कास्की**
**योजना सम्झौता मिति : २०७९/०१/०५ गते**
**योजना सुरु भएको मिति : २०७९/०१/०६ गते**
**योजना सम्पन्न मितिः २०७९/०२/३० गते**
**योजनाको कुल लागत : रु. १६६७६९१.९८।–**
**वडाबाट विनियोजित रकम : रु.१५,००,०००।–**
**जनश्रमदान : रु.१६७६९१.९८।–**
**उपभोक्ता समिति अध्यक्षः रन बहादुर राना**
**सचिवः प्रेम प्रसाद पराजुली, कोषाध्यक्षः पार्वती अधिकारी**
**सदस्यः उमा रानामगर, सावित्री पराजुली, नर बहादुर थापा, भिम बहादुर राना**
**अनुगमान समिति : विष्णु प्रसाद पराजुली वडा अध्यक्ष**
**कुल प्रसाद पराजुली, टोल संयोजक (वाम्दी)**

**वडा कार्यालय कम्पाउण्ड बाल निर्माण उपभोक्ता समिति पोखरा-२३, बाम्दी चापाकोट**